# सहारा विकास बैंक लिमिटेड
# Sahara Bikash Bank Limited

(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजत पत्र प्राप्त संस्था)
सर्लाही जिल्ला, मलंगवा नगरपालिका, वार्ड नं. ९, सर्लाही, नेपाल, फोन नं ०४६-५२१४७१ फ्याक्स नं. ०४६-५२१४७२
Website:www.saharabikashbank.com

को

## छैठौं वार्षिक साधारण सभा बस्ने सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति : २०७३/०९/०९ गते)

**आदरणीय शेयरधनी महानुभावहरु**

मिति २०७३ पुष ०८ गते बसेको संचालक समितिको बैठकको निर्णय अनुसार यस विकास बैंकको छैठौं वार्षिक साधारण सभा निम्न लिखित स्थान, मिति र समयमा देहायका विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएकोले सबै शेयरधनी महानुभावहरुको जानकारीको लागी कम्पनी ऐन, २०६३ को दफा ६७ बमोजिम यो सूचना प्रकाशित गरिएकोले सभामा उपस्थितिको लागी अनुरोध गर्दछु ।

**सभा हुने मिति, समय र स्थान :**

मिति : २०७३ साल पौष २९ गते शुक्रवार (तद्अनुसार १३ जनवरी २०१७)
स्थान : न्यू होटल सिम्रिक, दुर्गा भगवती मन्दिर नजिक, मलंगवा-०८, सर्लाही
समय : बिहान ११:०० बजे

**छलफलका बिषयहरु:**

**(१) सामान्य प्रस्ताव:**

क) सञ्चालक समितिका तर्फबाट अध्यक्ष ज्यूद्धारा प्रस्तुत हुने आर्थिक वर्ष २०७२/७३ को छैठौं वार्षिक प्रतिवेदन माथि छलफल गरी पारित गर्ने ।
ख) आर्थिक वर्ष २०७२/७३ को लेखापरिक्षकको प्रतिवेदन सहितको वासलात, नाफा-नोक्सान र नगद प्रवाहको विवरण तथा सो संग सम्बन्धित अनुसुचीहरु छलफल गरी पारीत गर्ने ।
ग) लेखापरिक्षण समितिबाट सिफारिस भए बमोजिम आ.व. २०७३/७४ को लेखापरिक्षण कार्यको लागी लेखापरिक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने

**(२) बिशेष प्रस्तावहरु :**

१) सञ्चालक समितिले प्रस्ताव गरे अनुरुपको बोनस शेयर तथा नगद लाभांस प्रदान गर्ने प्रस्ताव माथि छलफल गरी पारित गर्ने :
क) हाल कायम रहेको चुक्ता पूँजीको १८ प्रतिशतका दरले हुन आउने रकम रु. ५७,३४,८००/- (अक्षरेपी सन्ताउन्न लाख चौतिस हजार आठ सय मात्र) बराबरको ५७,३४८ (अक्षरेपी सन्ताउन्न हजार तीन सय अठ्चालिस मात्र) कित्ता बोनस शेयर र कर प्रयोजनको लागी नगद लाभांस रु. ३०१,८३१।५८ (अक्षरेपी तीन लाख एक हजार आठ सय एकतिस र पैसा अन्ठाउन्न मात्र) वितरण गरिने ।
ख) विशेष प्रस्ताव नं. १ को (क) बमोजिम बोनस शेयर पारित भई कायम हुने चुक्ता पूँजी रु.७,२९,९४,८००/- (अक्षरेपी सात करोड उन्तिस लाख चौरानब्बे हजार आठ सय मात्र) अर्थात ७,२९,९४८ (अक्षरेपी सात लाख उन्तिस हजार नौ सय अठ्चालिस) कित्ता शेयरको आधारमा साविक १ कित्ता बराबर २.५० कित्ता शेयरका दरले हकप्रद शेयर जारी गरि संस्थाको पूँजी बृद्धि गर्ने ।

२) प्रवन्धपत्र र नियमावलीमा संसोधन सम्बिन्धि प्रस्ताव परित गर्ने :
क) विशेष प्रस्ताव नं. १ को (क) र (ख) बमोजिम क्रमश: बोनस शेयर र हकप्रद शेयर जारी भए पश्चात पूँजी बृद्धि हुने भएकोले सोही बमोजिम प्रवन्धपत्रको दफा ६ को (क), (ख) र (ग) मा संसोधन गर्ने ।
(ख) प्रवन्धपत्रको दफा ६ को उप दफा (घ), (ङ) र (च) बमोजिम संस्थापक शेयरधनी समूहको तर्फबाट ७०% तथा सर्वसधारण समूहबाट ३०% रहेकोमा यसलाई संसोधन गरी संस्थापक शेयरधनी समूहको तर्फबाट ५१% गर्ने तथा सर्वसधारण समूहको ३०% र संस्थागत समूहको तर्फबाट बाँकि रहेको १९% संस्थापक शेयरलाई साधारण शेयरमा परिणत गरी कुल ४९% गर्ने तथा सोही बमोजिम संचालक समितिको संख्याका लागी नियमावलीको परिच्छेद ४ को दफा २७ को (२) संसोधन गर्ने ।
ग) विशेष प्रस्ताव अन्तर्गतका पारित प्रस्तावहरुको संशोधनमा नियमनकारी निकायहरु नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड, आदीबाट स्वीकृत लिने वा अभिलेख गराउने सिलसिलामा यस साधारण सभाको तर्फबाट यस विकास बैंकको प्रवन्धपत्र र नियमावलीमा आवश्यक संशोधन एवं परिमार्जन समेतको कार्य गर्न सक्ने गरि संचालक समितिलाई वा संचालक समितिले तोकेको व्यक्तिलाई अख्तियारी प्रदान गर्ने ।

**३) विविध ।**

संचालक समितिको आज्ञाले,
**कम्पनी सचिव**

**वार्षिक साधारण सभा सम्बन्धि थप जानकारी:**

१) साधारण सभा प्रयोजनका लागी यस विकास बैंकको शेयर नामसारी तथा दाखिला खारिज मिति २०७३/०९/१८ गते देखि २०७३/०९/२९ गते सम्म बन्द रहनेछ । नेपाल स्टक एक्सचेन्ज लि. मा २०७३/०९/१७ गते सम्म कारोबार भई ७ कार्य दिन भित्र विकास बैंकको शेयर रजिष्ट्रार श्री ग्लोबल आई.एम.ई. क्यापटल लि., जमल, काठमाण्डौमा प्राप्त शेयर नामसारी लिखतको आधारमा शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरुले मात्र सो सभामा भाग लिन तथा मतदान गर्न पाउनेछन् ।
२) वार्षिक साधारण सभामा भागलिन ईच्छुक शेयरधनी महानुभावहरुले शेयर प्रमाणपत्र र आफ्नो परिचय खुल्ने प्रमाण वा सो प्रतिलिपी वा विकास बैंकले जारी गरेको प्रवेशपत्र अनिवार्यरुपमा लिई आउनु पर्नेछ ।
३) प्रतिनिधि (प्रोक्सि) नियुक्ति गर्ने चाहने शेयरधनीहरुले शेयरको प्रतिनिधि एउटै व्यक्ति (विभाजन नहुने गरि) हुने गरि प्रतिनिधी-पत्र (प्रोक्सि फारम) भरी विकास बैंकको प्रधान कार्यालयमा सेवा शुरु हुनु भन्दा ४८ घण्टा अगाडी दर्ता गरी सक्नु पर्नेछ । एकै शेयरधनीले एकभन्दा बढी प्रतिनिधी (प्रोक्सि) नियुक्ति गर्नु भएको अवस्थामा पहिलो दर्ता हुने प्रोक्सि मान्य हुनेछ । त्यस पछि आउने प्रोक्सि स्वत: बदर वा अमान्य हुनेछ ।
४) सभामा भाग लिन प्रतिनिधि (प्रोक्सि) नियुक्ति गरिसकेपछि सम्बन्धित शेयरधनी स्वयं सभामा उपस्थित हुन आएमा शेयरधनीले सभा शुरु हुनु भन्दा ४८ घण्टा अगाडी सो व्योहोराको लिखित पत्र प्रधान कार्यालयमा दर्ता गर्नुपर्नेछ ।
५) वार्षिक साधारण सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावहरुले सभा हुने स्थानमा उपस्थित भई त्यहा राखिने उपस्थित पुस्तिकामा दस्तखत गर्नु पर्नेछ । शेयरधनी हाजिर पुस्तिका बिहान १०:०० बजे देखि सभा सञ्चालन हुन्जेलसम्मको लागी खुला गरिनेछ ।
६) कुनै संगठित संस्था वा कम्पनीले शेयर खरिद गरेको हकमा कार्यकारी प्रमुखले दस्तखत गरि मनोनित गरेको प्रतिनिधिले शेयरवालाको हैसियतले सभामा भाग लिन सक्नुहुनेछ । प्रोक्सिको हकमा पनि सोही व्यवस्था लागु हुनेछ ।
७) छलफलका विषय सुची मध्ये विविध शिर्षक अन्तर्गत ईच्छुक शेयरधनीले सभा हुनु भन्दा ७ (सात) दिन अगावै छलफलको विषय विकास बैंकको कम्पनी सचिव मार्फत सञ्चालक समितिको अध्यक्षलाई लिखित रुपमा दिनु पर्नेछ । सो विषय छलफलमा समावेश गरिए पनि निर्णयको रुपमा रहने छैन ।
८) बोनस शेयर जारी गर्दा शेयर खण्डिकृत हुन आएमा खण्डिकृत शेयर ०.५० भन्दा कम भएमा पूर्णाकृत शेयर मात्र र खण्डिकृत शेयर ०.५० वा सो भन्दा माथि हुन आएमा खण्डिकृत शेयरलाई पनि पूर्णाकृत शेयर कायम गरी बोनस शेयर वितरण गरिनेछ, त्यसो गर्दा समेत चुक्ता पूजीको रकममा तलमाथि हुने स्थिति भएमा समायोजन गर्ने अधिकार सञ्चालक समितिमा निहित रहनेछ ।
९) अन्य कुराको हकमा बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०६३ र कम्पनी ऐन, २०६३ बमोजिम हुनेछ ।
१०) अन्य जानकारीको लागी विकास बैंकको केन्द्रिय कार्यालय मलंगवा नगरपालिका-९, सर्लाही फोन नं. ०४६-५२१४७१ मा सम्पर्क राख्नुहुन अनुरोध छ ।